# लोक सेवा आयोग

## केन्द्रीय कार्यालय

### *सूचना तथा प्रकाशन शाखा*

## स्वास्थ्य सेवाका सातौं तहका पदहरुमा कार्यसम्पादन तथा अनुभवको मूल्याङ्कनबाट हुने समायोजनद्वारा हुने बढुवाको सूचना

**सूचना नं. ३६४/०७८-७९** **प्रकाशन मिति २०७८/०७/२४**

कार्यसम्पादन तथा अनुभवको मूल्यांकनद्वारा पूर्ति गर्नु पर्ने देहायका पदहरुका लागि स्वास्थ्य सेवा ऐन, २०५३ (चौथो संशोधन) को दफा ८(१) तथा कर्मचारी समायोजन ऐन, २०७५ को दफा १४ को उपदफा ४ बमोजिम सम्भाव्य उम्मेदवारहरुले लोक सेवा आयोगबाट निर्धारित दरखास्त फाराममा उल्लेखित विवरण खुलाई मिति २०७८/०८/२८ सम्ममा दरखास्त दिनुहुन सूचित गरिन्छ।

दरखास्त फाराम लोक सेवा आयोगको वेबसाइट www.psc.gov.np बाट डाउनलोड गर्न सकिनेछ। सम्बन्धित उम्मेदवारले एकप्रति दरखास्त फाराम स्पष्टसँग भरी दरखास्त पेश गर्ने अन्तिम मितिभित्र काठमाडौं उपत्यकाको हकमा दरखास्त व्यवस्थापन केन्द्र, अनामनगर र काठमाडौं उपत्यका बाहिरको हकमा आयोगका कार्यालयहरुमा दरखास्त बुझाई सक्नु पर्नेछ। म्याद नाघी प्राप्त हुन आएका दरखास्त उपर कुनै कारबाही गरिने छैन। यसरी पर्न आएका दरखास्तहरु आयोगका कार्यालयहरुले दरखास्त व्यवस्थापन केन्द्र, अनामनगरमा पठाउनेछन् र दरखास्त व्यवस्थापन केन्द्रले प्राप्त हुन आएका दरखास्त फारामहरुलाई बढुवा सूचना नम्बर अनुसार एकमुष्ट रुपमा सम्बन्धित बढुवा समितिको सचिवालयमा पठाउने प्रबन्ध गर्नेछ।

**उम्मेदवारहरुले दरखास्त दिँदा ध्यान दिनुपर्ने विषयहरु**

(क) स्वास्थ्य सेवा ऐन, २०५३ को दफा २७ बमोजिम बढुवाको लागि अयोग्य नभएको हुनु पर्नेछ।
(ख) दरखास्त साथ स्वास्थ्य सेवा ऐन, २०५३ को दफा ९ बमोजिम स्तर बृद्धि भएको पत्र र तल्लो तहको नियुक्ति पत्र पेश गर्नु पर्नेछ।
(ग) दरखास्त फाराम भर्दा निजामती किताबखानाबाट आफूले पाएको संकेत नम्बर अनिवार्य रुपमा उल्लेख गर्नु पर्नेछ।
(घ) समकक्षता निर्धारण गर्नुपर्ने शैक्षिक योग्यताको हकमा समकक्षता निर्धारण गरेको प्रमाणित प्रतिलिपि अनिवार्य रुपमा पेश गर्नु पर्नेछ।
(ङ) दरखास्त फारामको सम्पूर्ण महलहरुमा उल्लेख भए बमोजिमका विवरणहरु स्पष्ट खुलाउनु पर्नेछ।
(च) दरखास्त दस्तुर रु. १०००।- (एक हजार) बुझाउनु पर्नेछ।

| क्र.सं. | बढुवा समायोजन सूचना नं. | पद, सेवा, समूह, उपसमूह | पद संख्या |
|---|---|---|---|
| १. | १५२/०७८-७९ | नर्सिङ अधिकृत, स्वास्थ्य, जनरल नर्सिङ | ४ (चार) |
| २. | १५३/०७८-७९ | कम्युनिटी नर्सिङ अधिकृत, स्वास्थ्य, कम्युनिटी नर्सिङ | १ (एक) |
| ३. | १५४/०७८-७९ | मेडिकल ल्याब टेक्नोलोजिष्ट, स्वास्थ्य, मे.ल्या.टे., ज.मे.ल्या.टे. | २ (दुई) |
| ४. | १५५/०७८-७९ | जनस्वास्थ्य अधिकृत, स्वास्थ्य, हे.ई. | १ (एक) |
| ५. | १५६/०७८-७९ | रेडियोग्राफी टेक्नोलोजिष्ट, स्वास्थ्य, रेडियोग्राफी | १ (एक) |